## मिति २०७०।१२।१७ गतेको योजना सुपरीबेक्षण तथा अनुगमन समितिको बैठक निर्णय उतार

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए अनुसार नगरस्तरिय सुपरीवेक्षण तथा अनुगमन समितिको वैठक समितिका संयोजक तथा नगरप्रमुख श्री टीकादत्त राईको अध्यक्षतामा निम्न उपस्थितीमा बैठक बस्यो ।

### उपस्थिती

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | संयोजक,नगर प्रमुख/कार्यकारी अधिकृत, सि.न.पा. |
| श्री गोविन्द केवट | – | सदस्य, एनेकपा माआवादी |
| श्री उमा काफ्ले | – | सदस्य, नेकपा एमाले |
| श्री राजेश रंन्जन बर्मा | – | सदस्य, तराई मधेश लोकतान्त्रिक पार्टी |
| श्री थानेश्वर पौडेल | – | सदस्य, वडा नागरिक मन्च, सि.न.पा. वार्ड नं. ३ |
| श्री सुभद्रा पौडेल | – | सदस्य, वडा नागरिक मन्च, सि.न.पा. वार्ड नं. ४ |
| श्री देवि माया रायमाझी | – | सदस्य, नागरिक सचेतना केन्द्र, सि.न.पा. वार्ड नं. १० |
| श्री गजेन्द्र नाथ शर्मा | – | सदस्य, योजना अधिकृत जिल्ला विकास समिति रुपन्देही |
| श्री यमलाल पाण्डे | – | सदस्य, ई. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर |
| श्री ठाकुर कुमार श्रेष्ठ | – | सदस्य, सिद्धार्थनगर उद्योग बाणिज्य संघ, रुपन्देही |
| श्री गिरिश चन्द्र त्रिपाठी | – | सदस्य, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन रुपन्देही |
| श्री देव प्रसाद ज्ञवाली | – | सदस्य सचिव, सिद्धार्थनगर नगरपालिका कार्यालय |

### आमन्त्रित

| | | |
|---|---|---|
| श्री उमेश खनाल | – | एनेकपा माओवादी |
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | बरिष्ठ अधिकृत, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री मधु गौतम | – | ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री जीवन अर्याल | – | ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |
| श्री मान प्रसाद श्रेष्ठ | – | सव ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय |

### निर्णय नं. १ (एक)

सि.न.पा. वार्ड नं. ६ र ८ को अशोकपथमा नाला तथा सडक पिच निर्माण कार्य सम्बन्धमा सुपरीवेक्षण तथा अनुगमन समितिका सदस्य पदाधिकारीबाट स्थलगत निरिक्षण भएको मौखिक प्रतिवेदन पेश भयो । वडा नं. ६ तर्फ मात्र पक्की नाला निर्माण हुँदा वडा नं. ८ डुवान पर्ने सम्भावना भएकोले पिच गर्ने कामलाई परिवर्तन गरी पिचको सट्टामा वडा नं. ८ तर्फ पक्कि नाली निर्माण गरी नाला बनेको क्षेत्रमा ग्रेभल गर्ने व्यवस्था गर्न नगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

वडा नं. ७ वुद्धपथमा अवस्थित मन्टेश्वरी स्कुलको पर्खालले गर्दा नाली निर्माण गर्न अवरोध भएकोले प्रकृया पुरा गरी हटाउने प्रकृया अगाडी बढाउन न.पा. लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

भवानी निर्माण सेवाबाट निर्माण गरीएको सि.न.पा. सि.न.पा. वार्ड नं. ९ को नाला निर्माण गर्दा १५.२५ रनिङ्ग फिट बराबरको टुक्रा इटा प्रयोग भएको भनी द.नं. १५११७ को प्राविधिक प्रतिवेदन पर्न आएको हुँदा सो प्रतिवेदन अनुसार रु ४३,२१६।६८ कट्टा गरी बाँकी रकम भुक्तानी गर्न न.पा. मा सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

वार्ड नं. ४ मा चण्डी निर्माण सेवाबाट नाला निर्माण गर्दा सोलिङ्ग कार्य मापदण्ड अनुसार नभएको भन्ने गुनासो आएकोले सुपरीवेक्षण तथा अनुगमन समिकिा सदस्य तथा प्राविधिकको संयुक्त टोलिले पुनः अनुगमन गरी गुणस्तरको सम्बन्धमा प्राप्त प्रतिवेदनको आधारमा कार्यवाहि अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

शहरी सडक मर्मत सुधारको ठेक्का स्वीकृती सम्बन्धमा जानकारी प्राप्त भयो ।

आजको बैठक यहि सम्पन्न भयो ।